मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नपु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख २२ गते शनिवार (Saturday, 04 May . 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## आगलागी, २० लाखको क्षति

**झापा, वैशाख २१।** झापाको दमक नगरपालिका वडा नम्बर नयाँ सब्जी लाइनमा भएको आगलागीमा २० लाख रुपैयाँ बराबरको क्षति भएको छ। प्रेम पूर्वेको घरको भुइँ तलामा रहेको मरमसला तथा खाद्यान्न गोदाममा बिद्युत सट भई शुक्रवार आगलागी भएको थियो।

प्रहरीका अनुसार आगलागीबाट २० लाख रुपैयाँ बराबरको क्षति भएको छ। आगलागीले मरमसला तथा खाद्यान्न जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

आगो स्थानीयबासी, प्रहरी र दमकलको सहयोगमा बिहान ७ बजे पूर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## गौरीगञ्ज अस्पताल बन्द



**झापा, वैशाख २१।** गौरीगञ्ज अस्पताल अनिश्चितकालका लागि बन्द भएको छ। अस्पतालमा तोडफोड भएपछि अनिश्चित समयका लागि बन्द गरिएको हो।

झाडा पखाला लागेर अस्पताल भर्ना गरिएका बालकको उपचारका क्रममा मृत्यु भएपछि अस्पतालमा विवाद सृजना भएको थियो। बालकको मृत्यु पछि अस्पतालमा भएको तोडफोडबाट असामान्य अबस्था सिर्जना भएकाले अस्पताल बन्द गर्नु परेको अस्पताल व्यवस्थापन समितिले जनाएको छ।

अस्पतालमा प्रयोगमा रहेको सर्वर तथा अन्य विभिन्न भौतिक संरचनाहरुमा क्षति पुग्न गई अस्पतालका सम्पूर्ण सेवा प्रवाह गर्न नसकिने अवस्था पैदा भएकाले अर्को सूचना नभएसम्मका लागि यस अस्पतालबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु हाललाई बन्द गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बद्रीनारायण महतोले सूचना जारी गरी जनाएका छन्। तोडफोडबाट अस्पतालमा लाखौंको क्षति भएको जनाइएको छ।

झाडापखाला लागेका एक बालकको चिकित्सकको

(बाँकी अन्तिम पृष्ठमा)

# प्रधानमन्त्री दाहालद्वारा 'झापाको पत्रकारिता' पुस्तक विमोचन



**काठमाडौं, वैशाख २१।** प्रधानमन्त्री पुष्पकमल दाहालले झापाको पत्रकारिता (आरम्भदेखि ०४०) पुस्तकको विमोचन गरेका छन्।

नेपाल पत्रकार महासंघ झापाद्वारा प्रकाशित उक्त पुस्तक प्रधानमन्त्री दाहालले शुक्रबार काठमाडौंमा विमोचन गरेका हुन्।

राष्ट्रिय सभागृहमा आयोजित नेपाल पत्रकार महासंघको २७औं महाधिवेशन उद्घाटन समारोहमा झापाको पत्रकारिता (आरम्भदेखि ०४०) पुस्तकको विमोचन गरिएको हो।

(बाँकी अन्तिम पृष्ठमा)

## झापा शाखा उत्कृष्ट

**काठमाडौं, वैशाख २१।** नेपाल पत्रकार महासंघ झापा देशकै उत्कृष्ट शाखाका रुपमा सम्मानित भएको छ। नेपाल पत्रकार महासंघको २७ औं महाधिवेशनमा झापा शाखालाई उत्कृष्ट शाखा घोषणा गरिएको हो।

झापा शाखाले एक करोड रुपैयाँको पत्रकार सहारा उपचार कोष स्थापना गरी महासंघको संस्थागत विकास, नेपाली पत्रकारिता क्षेत्र तथा श्रमजीवी पत्रकारको हित तथा संरक्षणका लागि अनुकरणीय कार्य गरेको भन्दै झापा शाखालाई उत्कृष्ट शाखाको सम्मान प्रदान गरिएको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमका बीच झापा शाखाका अध्यक्ष एकराज गिरीलाई सम्मान पत्र प्रदान गरिएको थियो।

यसैबीच महासंघको २७ औं महाधिवेशनको अवसरमा कोशी प्रदेशका चार जना पत्रकारलाई सम्मान गरिएको छ।

सम्मानित हुनेहरुमा झापाका अग्रज पत्रकार गोविन्दचन्द क्षेत्री, मोरङका गणेश लम्साल, उदयपुरका हरिकुमार राई, कुशलबाबु बस्नेत रहेका छन्। उनीहरुलाई प्रधानमन्त्री पुष्पकमल दाहालले सम्मानपत्र प्रदान गरेका थिए।

## हात्तीपाइले विरुद्धको औषधि खाँदा ...

**झापा, वैशाख २१।** झापामा हात्तीपाइले रोग विरुद्धको औषधि खाएपछि एक जना वृद्धाको मृत्यु भएको छ। भद्रपुर नगरपालिका -१ की ६५ वर्षीया महिलाको हात्तीपाइले विरुद्धको औषधि सेवन गरेपछि स्वास्थ्यमा समस्या आएको थियो।

बिहीबार उनलाई अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। मृतकको शव पोस्टमार्टमको लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको बताइएको छ। तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने हात्तीपाइले विरुद्धको औषधि सेवनकै कारण बिरामीको मृत्यु भएको वा अन्य कारणले मृत्यु



भएको हो भन्ने विषय अहिलेसम्म पुष्टि नभएको जनाएको छ। उक्त घटना बाहिरिएलगत्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. टंक बाराकोटीको सहितको टिम अनुसन्धान गर्न झापा आएको बताइएको छ। स्वास्थ्य मन्त्रालयले गत आइतबार झापासहित ७ वटा जिल्लामा हात्तीपाइले विरुद्धको औषधि खुवाउन शुरु गरेको थियो।

## छात्रामाथि गोली प्रहार

**झापा, वैशाख २१।** झापाको दमकमा एक छात्रामाथि गोलीप्रहार भएको छ।

उदयपुर घर भई दमकमा डेरा गरी पढ्न बसेकी एनिका अधिकारी गजमेरमाथि शुक्रवार दिउँसो करिब साढे ११ बजेको समयमा गोली प्रहार भएको हो।

दमकस्थित हिमाली माविबाट कक्षा १२ को परीक्षा दिएर कोठातर्फ गइरहेकी अधिकारीमाथि दमक-५ स्थित ज्येष्ठ नागरिक प्रतिष्ठान नजिकै गोलीप्रहार भएको बताइएको छ। उनको पेटमा एक राउन्ड गोली लागेको बताइएको छ। घाइतेको लाइफ लाइन अस्पतालमा उपचार भइरहेको छ। चिकित्सकले उनको पेटबाट एउटा गोली निकालेका छन्। उनको हाल अवस्था सामान्य रहेको अस्पताल स्रोतले जनाएको छ। गोली प्रहार गर्ने सिराहाका अमितकुमार यादबलाई प्रहरीले पक्राउ गरेको छ।

यता गोली प्रहार भएको विषयमा घटना बुझ्न प्रहरी टोली अस्पताल पुगेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी मिलन केसीले बताए।

अहिले घटनाको विस्तृत विवरण आइसकेको छैन। प्रहरी घटना बुझ्दैछ -एसपी केसीले भने। घटनामा संलग्नको पहिचान भइसकेको र उनको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## अल्बानिया र जापान पठाउने नाममा ठगी

**भद्रपुर, वैशाख २१।** वैदेशिक रोजगारीका लागि युरोपको अल्वानिया पठाइदिन्छु भन्दै लाखौं रकम ठगी गर्ने एक जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा झापा हल्दिबारी गाउँपालिका -२ स्थित पाराखोपी निवासी ३८ वर्षीय हरि भन्ने भीमप्रसाद पौडेल रहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए।

पौडेलले १५ लाख ७ हजार रुपैयाँ ठगेको भन्दै मेचीनगर नगरपालिका -११ स्वतन्त्र शिवाकोटी, विनोदकुमार ढकाल, मनकुमार बेगा र डाकबहादुर मिश्रले संयुक्त रुपमा वैदेशिक रोजगार विभागमा उजुरी दिएका थिए। विभागको पत्राचार अनुसार इलाका प्रहरी कार्यालय बिर्तामोडले पौडेललाई पक्राउ गरेको डीएसपी चन्दले जानकारी दिए। उनलाई शुक्रवार नै विभाग पठाइएको उनको भनाइ छ।

विगत लामो समयदेखि गाउँघरमा एजेन्टको काम गर्दै आइरहेका पौडेलले पीडितहरूलाई युरोपको अल्वानियामा वायर हाउसका लागि टुना मार्केटमा काममा लगाइदिन्छु भनी ठगी गरेको भनी खुलेको छ।


उनले त्यहाँ जान प्रतिव्यक्ति ६ लाख ५० हजार लाग्ने र मासिक तलब १ लाख २५ हजार हुन्छ भनी विश्वास दिलाएका थिए। दुई वर्षको कामका लागि उनले भिषा बापत शुरुमा प्रतिव्यक्ति एक लाख रुपैयाँ लिएका थिए। सक्कल राहदानी पनि लिएपछि उनले फेरि भिषाका लागि प्रतिव्यक्ति ५० हजार लिए। उनले सन् २०२३ मा नोभेम्बरमा भिषा पेपर हात लगाए। टिकट र श्रमका लागि फेरि उनले प्रतिव्यक्ति रु. ३ लाखको दरले मागे। केहीले रकम पनि बुझाए। टिकट पनि आयो भन्दै उनीहरूसँग थप रकम मागेको पीडित पक्षको भनाइ छ।

उनले पटक-पटक उडाउने मिति सार्न थाले। जनवरी २२ मा उडाउने अन्तिम मिति दिए पनि उनीहरू अल्वानिया जान

(बाँकी अन्तिम पृष्ठमा)

## एक सयको नोटमा चुच्चे नक्सा

**झापा, वैशाख १२।** एक सय रुपैयाँको नोटमा नेपालको चुच्चे नक्सा राख्ने सरकारले निर्णय गरेको छ।




सरकारले एक सय रुपैयाँको नोटमा रहेको नक्सा परिवर्तन गर्ने भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले एक सय रुपैयाँको नोटमा नेपालको चुच्चे नक्सा प्रयोग गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन्। अर्थ मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद् बैठकले स्वीकृति प्रदान गरेको हो।

# जापानी विदेशमन्त्रीको नेपाल भ्रमणमा 'इन्डो प्यासिफिक' प्राथमिकताको मुद्दा बन्ला ?

**बिर्तामोड, वैशाख २१।** जापानकी विदेशमन्त्री योको कामीकावाले आगामी आइतवार गर्ने नेपाल भ्रमणमा जापानबाट नेपालमा लगानी भित्र्याउने विषयलाई प्रमुखताका साथ उठाइने अधिकारीहरूले बताएका छन्।

उक्त भ्रमणका क्रममा कुनै समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम नभए पनि दुई पक्षीय सम्बन्धका समग्र पक्षबारे समीक्षा गरिने अधिकारीहरूको भनाइ छ।

जापानले दुई देशबीच अर्को वर्ष कूटनीतिक सम्बन्ध कायम भएको ७० वर्ष पुग्न लागेको भन्दै यो भ्रमणले त्यसलाई थप टेवा दिनसक्ने विश्वास व्यक्त गरेको छ। कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य अनि पूर्वाधारका क्षेत्रमा नेपाल र जापानबीच सहकार्यको सम्भावना देखेका कतिपय विज्ञहरू टोक्यो नेपालप्रति निक्कै सकारात्मक रहेपनि काठमाडौंले त्यसको पर्याप्त फाइदा लिन नसकिरहेको ठान्छन्।



**भ्रमणबाट नेपालको अपेक्षा**

हालैका महिनाहरूमा भारत, चीन र अमेरिकाबाट नेपालमा भइरहेका भ्रमणका शृङ्खलाहरूमाझ नेपालको प्रमुख साझेदार रहेको जापानबाट परराष्ट्रमन्त्रीको तहको भ्रमण हुन लागेको हो। फ्रान्स र श्रीलङ्कासहित छ वटा देशहरूको भ्रमणको कार्यसूची अन्तर्गत कामीकावाले नेपाललाई आफ्नो अन्तिम गन्तव्य बनाएकी हुन्।

परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले भने- यो भ्रमणमा दुई देशबीचको सम्बन्धलाई समीक्षा गर्ने र अगामी दिनमा कसरी अघि बढ्नेमा छलफल हुन्छ। हामीले भर्खरै लगानी सम्मेलनको पनि आयोजना गरेका छौं। हाम्रो मुख्य कुरा चाहिँ जापानबाट लगानी भित्र्याउन सके हुन्थ्यो भन्ने छ। जसरी एउटा विश्वसनीय विकास साझेदारको रूपमा जापानले हामीलाई सहयोग गरिरहेको छ, त्यो थप वृद्धि गरे हुन्थ्यो भन्ने नै हो - उनले भने। काठमाण्डौं स्थित जापानी राजदूतावासले जापानको सर्वाधिक अग्लो पर्वत माउन्ट फुजीको मुन्तिर अवस्थित सिजुओका प्रिफेक्चरकी कामिकावाको यो पहिलो नेपाल भ्रमण भएको जनाएको छ।

जापान र नेपालले लामो समयदेखिको विकास सहकार्य र जनस्तरको सम्बन्धमा आधारित गहिरो सम्बन्ध कायम राखिराखेका छन्,- राजदूतावासको विज्ञप्तिमा छ। जापानी राजदूतावासले उनको यस पटकको भ्रमणले सन् २०२६ मा कूटनीतिक सम्बन्ध कायम भएको ७० वर्ष पुग्ने दौत्य सम्बन्धलाई थप बलियो बनाउन सकारात्मक गति दिनेछ।

जापान नेपालको प्रमुख विकास साझेदार भएकाले उसलाई महत्वका साथ आफूहरूले व्यवहार गर्ने अधिकारीहरूले बताउने गरेका छन्।

**अर्थपूर्ण आगमन**

संयुक्त राज्य अमेरिकाको इन्डो प्यासिफिक नीतिको एउटा प्रमुख साझेदार जापान हो। उसले 'खुला र स्वतन्त्र इन्डो प्यासिफिक'सँग साझेदारी गर्ने जुनसुकै देशसँग सहकार्य गर्ने घोषणा गरेको छ।

जापानका पूर्व प्रधानमन्त्री सिन्जो आबेलाई इन्डो प्यासिफिक रणनीतिको सूत्राधार मान्ने गरिन्छ।

कानूनी शासनमा आधारित निष्पक्ष अर्थव्यवस्था र हिन्द अनि प्रशान्त महासागरमा सम्पर्क सञ्जाल लगायतको सुनिश्चिततामा जोड दिएको टोक्योले भारतीय प्रधानमन्त्री मोदीले घोषणा गरेको इन्डो प्यासिफिक ओसियन इनिसेटिभलाई पनि स्वागत गरेको थियो।

सन् २०२३ को मार्चमा जापानी प्रधानमन्त्री फुमियो किसिदाले भारत भ्रमणका क्रममा आफ्नो मुलुकले भारतसँग नजिकबाट सहकार्य गर्ने र दक्षिण एशियाको स्थिरताका लागि योगदान गर्ने बताएका थिए। त्यसक्रममा उनले गुणस्तरीय पूर्वाधार निर्माणसँग सम्बन्धित कैयौं उत्कृष्ट कम्पनीहरू जापानमा रहेका भन्दै तीनलाई दक्षिण एशियामा पनि काम गर्न प्रोत्साहित गर्ने धारणा राखेका थिए। जापानबाट विदेश मन्त्रीको तहमा भएको यो भ्रमणलाई कतिपयले चीनले यस क्षेत्रमा बढाइरहेको प्रभावसँग पनि जोड्ने

(बाँकी अन्तिम पृष्ठमा)

## कुबेत पठाउने भन्दै दिल्ली पुऱ्याएपछि ==

**काठमाडौं, वैशाख २१।** वैदेशिक रोजगारीमा कुवेत पठाइदिन्छु भन्दै महिलालाई भारतको नयाँदिल्ली पुऱ्याई वेश्यावृत्तिमा लगाएको अभियोगमा दाङको बबई गाउँपालिका-५ घर भएका ४५ वर्षीय पूर्णबहादुर भण्डारीलाई सोही गाउँबाट प्रहरीले पक्राउ गरेको छ।

पीडित महिलाले दिएको उजुरीको आधारमा भण्डारी पक्राउ परेका हुन्। नयाँदिल्लीबाट २०८० असार १३ गते भाग्न सफल भई नेपाल फर्किएकी उनले मानब बेचबिखन अनुसन्धान व्युरोमा जाहेरी दिएकी थिइन्। जाहेरीको आधारमा इलाका प्रहरी कार्यालय तुलसीपुर समेतको समन्वयमा भण्डारीलाई पक्राउ गरिएको हो।

पीडित महिलालाई कुवेत जान लाग्ने सम्पूर्ण खर्च आफैं लगानी गरिदिने प्रलोभन देखाई भारतबाट बिदेश जाने प्रक्रिया छिटो हुने विश्वासमा पारी भारतको नयाँदिल्ली पुऱ्याई एयरपोर्ट नजिकै बन्धक बनाई वेश्यावृत्तिमा लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। भण्डारीलाई जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## खाजाघर सञ्चालक पक्राउ

**झापा, वैशाख २१।** नाबालिगहरूलाई जबर्जस्ती यौनजन्य कार्यमा लगाएको आरोपमा दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा काठमाडौंको टोखा नगरपालिका-९ मा सञ्चालित सुर्खेत खाजाघरका सञ्चालक दार्चुलाका २९ वर्षीय लोकेन्द्र बडू र सर्लाही हरिवनकी ३७ वर्षीया कान्छीमाया घिसिङ छन्।

नाबालिगहरूलाई जबर्जस्ती यौनजन्य कार्यमा लगाएको आरोपमा मानव बेचबिखन ब्यूरोले उनीहरूलाई पक्राउ गरेको हो। होटलमा काम लगाइ दिन्छौं भनेर नाबालिगहरूलाई ल्याएर यौनजन्य कार्यमा लगाएको प्रहरीले जनाएको छ।

उनीहरूले नाबालिगहरूलाई ग्राहकबाट ५ हजारदेखि ८ हजारसम्म लिएर यौनजन्य कार्यमा लगाउने गरेको पाइएको छ।

उनीहरूविरूद्ध मानव बेचबिखन तथा ओसारपसार मुद्दामा म्याद लिएर अनुसन्धान गरिरहेको मानव बेचबिखन ब्यूरोले जनाएको छ।

# मिस नेपाल २०२४ को अडिसन बिर्तामोडमा




**झापा, वैशाख २१।** मिस नेपाल २०२४ का लागि अडिसन शुरु भएको छ । द हिडन ट्रेजरले अप्रिल १० तारिखदेखि विभिन्न स्थानमा अडिसन शुरु गरेको बिर्तामोडमा शुक्रवार पत्रकार सम्मेलन गर्दै जानकारी गराएको छ ।

बिर्तामोड, इटहरी, वीरगञ्ज, चितवन, भैरहवा, नेपालगञ्ज, पोखरा र काठमाडौं लगायतका विभिन्न शहरमा प्रतियोगिताका लागि अडिसन हुने आयोजक संस्थाका निर्देशक गीरेन्द्रमान राजवंशीले जानकारी दिए । सन १९९४ देखि शुरु भएको मिस नेपाल प्रतियोगिता ३० वर्षमा प्रवेश गरेको छ ।

प्रतियोगिताका लागि १८ देखि २७ वर्षसम्मका अविवाहित युवतीले सहभागिता जनाउन सक्नेछन् । जसमा ५.३ फिट उचाइ, कक्षा १२ उत्तीर्ण हुन पर्ने छ । प्रतियोगितामा सहभागी हुने आवेदकले निःशुल्क रुपमा अनलाइन मार्फत फारम भर्न सक्ने बताइएको छ ।

प्रतियोगिताको अडिसन बिर्तामोडमा २३ गते हुने आयोजकले जनाएको छ । आवेदन दिएका निःशुल्क रुपमा एक महिना १५ दिन तालिम आयोजक संस्थाले प्रदान गर्ने निर्देशक राजवंशीले बताए । फाइनल अडिसन मे १८, २०२४ मा काठमाडौंमा हुने र त्यसबाट छानिएका प्रतियोगीहरुले ग्राण्ड फिनालेको तयारीका लागि प्रशिक्षण लिनु पर्ने बताइएको छ ।

कार्यक्रममा मिस नेपाल २०२३ कि सृच्क्षा प्रधान, मिस नेपाल अर्थ २०१८ की प्रिया सिग्देल, बिर्तामोडका लागि कोअर्डिनेटर सन्तोष अग्रवाल लगायतले बोलेका थिए ।

# उपनिर्वाचनले इलामका होटलमा ६ करोडभन्दा बढीको ब्यापार



**झापा, वैशाख २१।** माङ्सेबुङ-२ गजुरमुखी बजारस्थित परदेशी होटलकी सञ्चालक निर्मला कटुवाल वैशाख महिनामा निकै व्यस्त भइन् । उपनिर्वाचनमा भाग लिएका राजनीतिक दल, तिनका उम्मेदवार सँगै विभिन्न पार्टीका नेता कार्यकर्ताको आउजाउले व्यस्तता बढाएको उनले सुनाइन् ।

गजुरमुखी धार्मिक र पर्यटकीयस्थल हो । यहाँ शनिबार, सोमबार र मंगलबार पाठपूजा र गजुरमुखीदेवीको दर्शन गर्न आउनेको भीड लाग्छ । बाँकी ४ दिन सुनसान प्रायः रहन्थ्यो, वैशाख लागेपछि कुनैदिन खाली बस्नु परेन, देशका मन्त्री र सांसद सबै आइपुगे, व्यापार पनि राम्रै भयो- उनले भनिन् ।

लाम बजारमा पाहुना घर सञ्चालन गर्दै आएकी अनिता कार्कीले चैत अन्तिमदेखि बढेको चहलपहल अहिलेसम्म जारी रहेको बताइन् । कोरोना कहरपछि होटलहरुमा कहिल्यै यत्तिको चहल पहल भएको थिएन, ठूल्ठूला मेला र महोत्सव भएका थिएनन्, महिनाभरि दश-पन्ध जना पाहुनाको सत्कार गरेर व्यवहार चलाइयो, उपनिर्वाचनको माहौल शुरु भएपछि अचानक चाप बढ्यो, सुताउने ठाउँ नपुगेर फर्काउन पर्दा दुःख लागेको छ,- कार्कीले भनिन् ।

राँके बजारका समिर राईले होटलसँगै स-साना चिया, चमेना र नास्ता पसलमा पनि पछिल्लो एक महिना राम्रै कारोबार भएको सुनाए । दैनिक १ देखि २ हजार रुपैयाँको चियानास्ता बेचिन्थ्यो, चुनावको चहलपहल बढेपछि एकैदिन २५ हजार सम्मको व्यापार गरियो- राईले भने ।

इलाम-२ मा पर्ने सदरमुकाम इलाम बजारसँगै मंगलबारे, नेपालटार, घुर्बिसे, राके, चिसापानी, माङ्सेबुङ र जीतपुर लगायतका होटल वैशाखमा प्रायः खाली भएनन् । प्रतिनिधिसभातर्फ एउटै मात्र क्षेत्रमा चुनाव भएकाले इलाममा यो महिना नेता कार्यकर्ताको चहलपहल निक्कै नै बाक्लो थियो ।

होटल एशोसिएसन इलामका अध्यक्ष देवीप्रसाद पौडेल उपनिर्वाचनका क्रममा इलामका होटलमा साढे ६ करोडको हाराहारी कारोबार भएको बताँउछन् । उनका अनुसार इलाम सदरमुकामसहित विभिन्न स्थानीय तहमा साना, ठूला र मझौला गरी पाहुना राख्न मिल्ने साढे चार सय होटल छन् ।

ती होटलमा उपनिर्वाचनका लागि उम्मेद्वारी दर्ता भएपछि वैशाख १२ गते मौन अवधि शुरु नभएसम्म दैनिक ३ हजार ५ सय मानिस बास बसेको र उनीहरुले दैनिक जनही सरदर ९ सय रुपैयाँका दरले खर्च गरेको पौडेलले अनुमान गरे ।

तीन हजार ५ सय मानिसले होटल बास र खाना खर्चमा मात्रै दैनिक नौ सयका दरले खर्च गर्दा समग्रमा एकतीस लाख पचास हजार रुपैयाँको कारोवार भयो ।

मासुमदिरा र कोशेली खरिदविक्रीको हिसाव नजोड्दा पनि २० दिनमा होटल व्यवसायतर्फ ६ करोड ३० लाखको कारोवार भएको उनको तर्क छ ।

प्रायः दलका नेता कार्यकर्ता समूहमै यहाँ आए, पर्यटकीय क्षेत्रको पहिचान बनाएको इलाम राजनीतिक पर्यटनको हब जस्तै भयो । चुनाव प्रचारप्रसारको बहानामा तीर्थाटन गरे, पर्यटकीय स्थल घुमे, सुस्ताएका इलामे व्यवसायीले ठाँउठाँउका पाहुनालाई सेवा गर्ने अवसर प्राप्त भयो- पौडेलले भने ।

उपनिर्वाचन भएको इलाम-२ का होटलबाहेक क्षेत्र नम्बर १ मा पर्ने श्रीअन्तु, कन्याम हुँदै सन्दकपुरसम्मका होटल र होमस्टे भरिभराउ भए ।

# ओलम्पियन्स र सेलिब्रेटी खेलाडीलाई बिर्तामोडमा सम्मान



**बिर्तामोड, बैशाख २१।** ओलम्पियन्स रियुनियन (पुनर्मिलन) तथा सेलिब्रेटी खेलाडी भेट कार्यक्रमअन्तर्गत झापाको बिर्तामोडमा सहभीहरुलाई स्वागत तथा सम्मान गरिएको छ ।

शुक्रवार बिर्तामोडमा एक कार्यक्रमका बीच झापा जिल्ला खेलकुद विकास समिति र बिर्तामोड नगरपालिकाले उनीहरुलाई स्वागत तथा सम्मान गरेका हुन् ।

कोशी प्रदेशको खेलकुदसँगै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि ओलम्पिकमा सहभागिता जनाएका खेलाडी तथा खेलकुदका चर्चित अनुहारलाई पुनर्मिलन कार्यक्रममा ६० जना नेपाली ओलम्पियन्स खेलाडी, २५ जना प्रदेशभित्रका अनुभव र अभ्यासमा विशेष दख्खल राखेका चर्चित खेलाडीको सहभागिता थियो । त्यस्तै, कार्यक्रममा अस्ट्रिया, मलेसिया, सिंगापुर, बेलायतका छ जना ओलम्पियनहरु समेत सहभागी थिए ।

सिद्धार्थ होटलमा भएको कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी, बिर्तामोड नगरप्रमुख पवित्रा महतारा प्रसाईं, नगर खेलकुद विकास समिति अध्यक्ष विकास गिरी, नेपाल उद्योग वाणिज्य महासंघ कोशीका निवर्तमान अध्यक्ष टीकाराज ढकाल, झापा गोल्डकपका अध्यक्ष विनोद बस्नेत, भद्रपुर झापा गोल्डकपका अध्यक्ष दीपेश ढकाल, स्थानीय अग्रज तथा अन्य खेलाडीहरुले ओलम्पियन्स तथा सेलिब्रेटी खेलाडीलाई स्वागत तथा सम्मान गरेका थिए ।

पुनर्मिलन कार्यक्रम इटहरी, बिर्तामोड हुँदै इलामको सूर्योदय नगरपालिका स्थित श्रीअन्तु र कन्याममा पुगेर सम्पन्न हुनेछ । कोशी प्रदेश खेलकुद विकास बोर्डको आयोजना तथा नेपाल ओलम्पियन्स एसोसिएसनको संयोजनमा कार्यक्रम भएको हो ।

नेपालका सन् १९६४ सालमा पहिलोपटक ओलम्पिकमा सहभागिता जनाएका खेलाडीदेखि हालसम्मका ओलम्पियन, ओलम्पिक एसोसिएसनका अध्यक्ष तथा पदाधिकारी, खेलाडी लगायत खेलाडी सहभागी छन् ।

# बिर्तामोड र मानेभञ्ज्याङ भीड्दै

**बुद्धशान्ति, वैशाख २१।** झापाको बुद्धशान्तिमा जारी तेस्रो आदर्श च्यालेञ्ज कपको उपाधिका लागि शनिवार बिर्तामोड युनाइटेड एफसी र पाहुना टीम भारतको मानेभञ्ज्याङ एफसी भीड्दैछन् ।




यसअघि भएको सेमीफाइनलमा बिर्तामोड युनाइटेडले बेलबारी एफसीलाई टाइब्रेकरमा ५-४ ले र मानेभञ्ज्याङले आयोजक आदर्श क्लबलाई २-० ले पाखा लगाउँदै उपाधि भीडन्त तय गरेका थिए ।

प्रतियोगिताको विजेताले उपाधिसहित नगद २ लाख, तथा उपविजेताले नगद १ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्ने समितिका सचिव दुर्योधन सिंह देवले बताए । उनका अनुसार प्रतियोगिताको उत्कृष्ट डिफेण्डर, मिडफिल्डर, गोलरक्षक, स्ट्राइकर र उदीयमान खेलाडीले जनही ५ हजार रुपैयाँ पुरस्कार पाउने छन् ।

वैशाख १५ गतेदेखि जारी प्रतियोगितामा भारतका दुईसहित ८ टीमको सहभागिता रहेको छ । त्यसैगरी, फाइनल खेलको अवसरमा नेपाली राष्ट्रिय महिला टीमका कप्तान एन्जिला तुम्बापो सुब्बालाई सम्मान गरिने प्रतियोगिता आयोजक समितिका संयोजक मनेष दाहालले जानकारी दिएका छन् ।

## जापानी...

गरेको पाइन्छ ।

सन् २०१९ मा नेपाल भ्रमण गर्दा तत्कालीन जापानी विदेशमन्त्री टारो कोनोले दक्षिण एशिया र चीनबीच अवस्थित भएकाले नेपालको दिगो विकास यो क्षेत्रको शान्ति र स्थिरताका लागि महत्वपूर्ण रहेको धारणा राखेका थिए । जापानका प्रधानमन्त्रीले अघिल्लो महिना ह्वाइट हाउसको भ्रमण गरी राष्ट्रपति बाइडनलाई भेटेका थिए ।

नेपालमा दुई जना पूर्व प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार भइसकेका कूटनीतिज्ञ दिनेश भट्टराई जापानकी विदेश मन्त्रीको भ्रमण दुइपक्षीय मात्र नभई रणनीतीक समेत हुने ठान्छन् । उनले भने- जापानका प्रधानमन्त्री अमेरिका पनि जानुभयो ।

जापानले आफ्नो शान्तिकामी संविधानबाट आफूलाई अलिक विस्तार गर्न खोजेको जस्तो पनि देखिन्छ । इन्डो प्यासिफिकको सन्दर्भ, हाम्रो दक्षिणी छिमेकीसँग पनि जापानको राम्रो सम्बन्ध रहेको हिसाबमा यो भ्रमणको केही रणनीतिक उद्देश्य रहेको पनि देखिन्छ ।

नेपालले चिनियाँ अवधारणा बेल्ट एन्ड रोड इनिशटिभमा हस्ताक्षर गरेको भएपनि त्यसको कार्यान्वयनको ढाँचा निर्धारण गर्ने विषयमा देशभित्र सहमति कायम गर्न सकिरहेको छैन । बीआरआईसँगै सीमालगायतका सवालले काठमाण्डू र बेइजिङबीचको सम्बन्धमा एक किसिमको अप्ठेरोपन निम्त्याउँदै गएको परराष्ट्र मामिला पछ्याउने कतिपय विज्ञहरू ठान्छन् ।

**नेपालले के कुरा राख्नुपर्छ ?**

यो भ्रमणमा नेपालले पर्याप्त तयारी गर्नुपर्ने र मुलुकलाई फाइदा पुर्‍याउने योजनाहरू अघि बढाउने कोसिस गर्नुपर्ने कतिपय विज्ञहरूको राय पाइन्छ ।

जापानका लागि पूर्व राजदूतसमेत रहेका नेपालका पूर्व परराष्ट्रसचिव मदनकुमार भट्टराई नेपालले कृषि क्षेत्रबाट फाइदा लिन सकिने कुरामा ध्यान दिँदै शिक्षा र स्वास्थ्य सम्बन्धी पूर्वाधारहरूमा जापानको सहयोग खोज्नुपर्ने ठान्छन् । उनले भने -जापानले प्रयोग गर्ने फापर, अदुवा, बेसार, तरुलमा एउटा सम्झौता नै गरेर नेपालमा व्यावसायिक खेती गर्न सकिने सम्भावना छ । त्यसो गर्न सकियो भने नेपालमा कृषिमा आधारित उद्योग र उत्पादनहरू बढ्न सक्छ ।

उनले चीलेमा सालमोन खेती विस्तारमा र ब्रजिलमा भटमास खेतीमा जापानले सघाउ पुर्‍याएको र ती देशले हाल अग्रणी हैसियत कायम गरेको उल्लेख गर्दै भट्टराईले नेपालले पनि कृषिमा त्यस्तै किसिमको सहकार्यको प्रयास गर्नुपर्ने बताए । हिमाली पर्वतारोहणप्रति जापानीहरूको विशेष रुचि रहेको भन्दै उनले त्यहाँको अल्पाइन क्लबमार्फत् पर्यटन क्षेत्रले पनि थप फाइदा लिनसक्ने बताए ।

त्यसबाहेक नेपालमा त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पताल जापानले बनाइदिएको उल्लेख गर्दै उनले त्यस्तै खालका अस्पतालहरू प्रदेशस्तरमा पनि निर्माण गर्न जापानको मद्दत माग्न सकिने बताए ।

नेपालमा बीपी राजमार्गको निर्माणदेखि लिएर पछिल्लो समय राजधानी काठमाण्डौको प्रवेश बिन्दु नागढुङ्गा नजिकै सुरुङमार्ग निर्माणजस्ता परियोजनामा जापानले सहयोग गरेको छ ।

लामो समयसम्म नेपालको सबैभन्दा ठूलो दुइपक्षीय सहयोग उपलब्ध गराउने राष्ट्र रहेको जापानले सन् २०२२ मा जाइकामार्फत् १८ अर्ब ३९ करोड रुपियाँ सहयोग दिएको एउटा आँकडाले देखाउँछ । जापानले नेपालमा कुलेखानी जलविद्युत आयोजना, कालीगण्डकी जलविद्युत आयोजना र उदयपुर सिमेन्ट उद्योग जस्ता परियोजनाको निर्माणमा विगतमा सघाएको थियो ।

जापानबाट थप सहयोग प्राप्त गर्न नेपालले नै प्रयास गर्नुपर्ने कूटनीतिक मामिलाका जानकारहरू ठान्छन् ।

पूर्व राजदूत भट्टराईले भने -सन् २००० देखि सन् २०१२ सम्म जापानी विकास सहयोग नेपालमा आउँदै आएन । जापानले ऋण निलम्बन गर्ने नीति लियो भन्नुको अर्थ त्यो देशको अवस्था ठिक छैन भन्ने अर्थ जान्छ ।

हाम्रो सोच अनुदान लिऊँ किन ऋण लिने भन्ने हुन्छ। त्यो प्रयोग भइसकेपछि बिस्तारै उनीहरूले अनुदानमा परिणत गर्छन्। मेरो विचारमा उनीहरूले भन्दा हामीले पो पहिलाभन्दा ध्यान कम गरेको हो कि ! भट्टराई जापानमा राजदूत भएको समयमा गरिएको उक्त निर्णयपछि नागढुङ्गा सुरुङ परियोजना, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रेडार जडान र तनहुँ जलविद्युत आयोजनाको प्लान्टमा जापानले सहयोग गरेको थियो ।

अहिले पनि नेपालले तयारी गरेर जापानसँग कुरा राख्न सकेको खण्डमा त्यस्ता विकास आयोजनाहरू सुरुवात गर्न सकिने जानकारहरू ठान्छन् । नेपाली समुदाय जापानको सबैभन्दा ठूलो दक्षिण एशियाली आप्रवासी समुदाय मध्येमा पर्छ र त्यहाँ जान विद्यार्थी र श्रमिकहरू पनि आकर्षित भएको पाइन्छ ।

जापानको न्याय मन्त्रालयले सन् २०२१ मा जापानमा नेपालीहरू दर्ता भएको उल्लेख गरेको थियो । सन् २०२३ मा मात्रै ४५ हजार बढी नेपाली विद्यार्थी जापान पुगेको र त्यो चिनियाँपछि सर्वाधिक उच्च सङ्ख्या रहेको निक्केइ एशिया अखबारको अनलाइन संस्करणले जनाएको छ । उसका अनुसार जापानमा नेपालीहरूको जनसङ्ख्या अघिल्लो वर्ष करिब १ लाख ५६ हजार पुगेको छ ।

## प्रधानमन्त्री...

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीका अनुसार पुस्तकमा झापाको पत्रकारिताको इतिहासको दस्तावेजीकरण, ०४० सम्मका अग्रज पत्रकारहरुको परिचय, महत्वपूर्ण अभिलेख, महासंघको हाल सम्मका कार्यसमितिको विवरण लगायतका विषय समेटिएको छ ।

कभर सहित २७६ पृष्ठको पुस्तकमा अग्रलेख, अन्तरबोध खण्ड, संस्मरण/लेख खण्ड र अभिलेख खण्डमा इतिहासका विविध विषय समेटिएको छ ।

प्रधानमन्त्री दाहाल, सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल र महासंघ कोशी प्रदेशका कार्यवाहक अध्यक्ष लवदेव ढुंगानाले शुभकामना व्यक्त गर्दै झापाको पत्रकारिता पुस्तक प्रकाशन गरेर महासंघ झापा शाखाको वर्तमान कार्यसमितिले रचनात्मक र उदाहरणीय काम गरेको भन्दै प्रशंसा गरेका छन् ।

सात दशक पार गरेको झापाली पत्रकारिताको बारेमा बुझ्न, खोज अध्ययन अनुसन्धान गर्न चाहने जो सुकैका लागि पुस्तक उपयोगी हुने अध्यक्ष गिरीले बताए ।

पुस्तकको सम्पादक अग्रज पत्रकार गोपाल गिरी र राजबाबु शंकर रहेका छन् । अध्यक्ष गिरीले पुस्तकका सम्पादक, लेखक पत्रकार, प्रकाशनमा सहयोग पुर्‍याउने सबैलाई धन्यवाद ज्ञापन गरेका छन् । पुस्तकको प्रकाशन सहयोगी बिर्तामोड नगरपालिका रहेको छ ।

## गौरीगञ्ज ...

लापरवाहीका कारण मृत्यु भएको भन्दै आफन्तले विहीवार गौरीगञ्ज अस्पताल तोडफोड गरेका थिए । गौरीगञ्ज- ६ खजुरगाछीका रामदेव महतोका ११ वर्षीय छोरा महेशकुमार महतोको झाडा पखालाका कारण मृत्यु भएको थियो ।

महतोलाई झाडापखाला लागेपछि बिहीबार बिहान ८ बजे गौरीगञ्ज अस्पताल लगिएको थियो । तर त्यहाँ उपचार हुन नसक्ने भन्दै चिकित्सकले रेफर गरेर दमक ल्याउँदै गर्दा बाटोमै बालकको मृत्यु भएको मृतकका आफन्त राजकुमार महतोले बताए । बिरामीको मृत्यु भएपछि आफन्तले शवलाई अस्पतालमै लगेर राखेका थिए । समयमा रेफर नगरेको र राम्रो उपचार नगरेको भन्दै आक्रोशित आफन्त तथा स्थानीयले गौरीगञ्ज अस्पतालमा तोडफोड गरेका हुन् । मृतकका परिवार, आफन्त र स्थानीयहरूले अस्पतालमा दिनभर विरोध प्रदर्शन गर्नुका साथै ढुंगामुडा गरेका थिए ।

त्यस क्रममा अस्पतालको झ्याल, ढोका तथा अस्पतालले प्रयोग गर्ने सर्वर तथा अन्य भौतिक संरचनामा क्षति पुगेको थियो । दिनभरिको तनावपछि बिहीवार साँझ गौरीगञ्ज अस्पताल व्यवस्थापन समिति र पीडित पक्षबीच सहमति भएको थियो । गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशीको रोहवरमा गौरीगञ्ज अस्पताल व्यवस्थापन समिति र पीडित परिवारबीच सहमति भएपछि मृतकको शवलाई पोस्टमार्टमका लागि लगिएको थियो ।

डाक्टर र कर्मचारीको लापरवाहीका कारण बालकको मृत्यु भएको ठहर गर्दै अस्पतालका डा. अरविनकुमार राजवंशी, स्टाफ नर्स मनिसा सिंह गनगाई र एचए भावना कार्कीलाई तत्काल पदबाट निलम्बनसहित कानूनी कार्वाही गर्ने र मृतक परिवारलाई क्षतिपूर्ति दिने सहमति भएको बताइएको छ ।

## अल्बानिया ...

पाएनन् । त्यसपछि उनीहरू ठगीमा परेको भन्दै बैङ्क स्टेटमेन्टसहित विभागमा उजुरी दिएको पत्रमा उल्लेख छ ।

उता काठमाडौं, वैदेशिक अध्ययन तथा रोजगारीको लागि विशेष गरी जापान पठाइदिने भन्दै आफ्नो नक्कली नाम बताई झुक्यानमा पारी अर्को व्यक्तिको नाममा कम्पनी तथा बैंक खाता खोल्न लगाई २ सय १९ जनालाई ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा नियोनी एजुकेशनल कन्सल्टेन्सीका सञ्चालक रामेछाप लिखू तामाकोशी गाउँपालिका-७ घर भई काठमाडौं कागेश्वरी बस्ने ३५ वर्षीय नारायणबहादुर राई भन्ने राजन श्रेष्ठ र सोही कन्सल्टेन्सीमा आवद्ध झापा गौरादह नगरपालिका-१ घर भई ललितपुर भैंसीपाटी बस्ने ४६ वर्षीय पर्वराज पाण्डे भन्ने ईश्वरी पाण्डे रहेका छन् ।

उनीहरूले विभिन्न व्यक्तिको नागरिकता दुरूपयोग गरेको, विदेश जान चाहने युवायुवतीहरूलाई ४ देखि ७ लाख रूपैयाँसम्म उठाउने गरेको, बैंक खातामा २ सय भन्दा बढी व्यक्तिहरूलाई रकम जम्मा गर्न लगाई एटीएम कार्ड, कनेक्ट आइपीएस तथा चेकमार्फत रकम निकाली दुरूपयोग एवम् ठगी गरेको अनुसन्धानको क्रममा खुल्न आएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।


**बिमालेख हरायो**

बौद्धमोडबाट इँटाभट्टा जाने क्रममा यही मिति २०८०/१२/१८ गते मेरो निम्न व्यहोराको एल.आई.सी नेपाल (लिमिटेड) को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- लीलादेवी खड्का
**ठेगाना**:-मेचीनगर नगरपालिका, झापा
**पोलेसी नं.**:- ६००००२२०४
**कम्पनी नाम**: एल.आई.सी.नेपाल लिमिटेड

**बिमालेख हरायो**

बाहुनडाँगीबाट काँकरभिट्टा जाने क्रममा यही मिति २०८०/१२/१४ गते मेरो निम्न व्यहोराको एल.आई.सी नेपाल (लिमिटेड) को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- धनमाया राई
**ठेगाना**:-मेचीनगर नगरपालिका, झापा
**पोलेसी नं.**:- ६००००२२९४
**कम्पनी नाम**: एल.आई.सी.नेपाल लिमिटेड


**बिमालेख हरायो**

भौंडाहाबाट उर्लावारी जाने क्रममा यही मिति २०८०/१२/१६ गते मेरो निम्न व्यहोराको एल.आई.सी नेपाल (लिमिटेड) को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- सोनुस बस्नेत
**ठेगाना**:- रतुवामाई न.पा., मोरङ
**पोलेसी नं.**:- ६००००८६५१
**कम्पनी नाम**: एल.आई.सी.नेपाल लिमिटेड

**डेजी हरायो**
**भेट्नेलाई आकर्षक पुरस्कार**

बिर्तामोड -१ अतिथिसदन उत्तर पश्चिम भी.आई.पी. टोलस्थित मोहन ढकाल/ शिला ढकालको घरबाट डेजी नाम गरेको अन्दाजी ३ महिनाको ५ केजी जति वजन भएको खैरो रंगको कुकुर २०८१ वैशाख २० गते विहानदेखि हराएको हुनाले भेट्नु वा देख्नु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध छ । कतै झुक्किएर हजुरहरुको घरमा आएको भए खबर गरिदिनु होला । भेटेर खबर गर्नेलाई आकर्षक पुरस्कारको समेत व्यवस्था गरिएको छ ।



**सम्पर्क : मानस ढकाल ९८५२६७४५३२/९८५२६४४६३२**

**सर्पदंश (सर्पको टोकाइ) बाट बच्न**

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिँडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com



# मिठो परिकार पकौडा



**भुवन तामाङ**

खाजाका लागि धेरै सम्भिmइने खाने कुरामा पकौडा पनि पर्दछ । दिनैपिच्छे नखाए पनि हप्तामा दुई-तीन दिन त पक्कै पनि पकौडा खाइएकै हुन्छ । पकौडाप्रतिको आकर्षण यसको लुक्स र टेष्ट नै हो ।

बेसनको लेपसहितको राता या पहेँला देखिने पकौडा आम रुपमा पाइने पकौडा हुन् । सब्जीका हुन् या पनिर या मासुका पकौडा थरिथरिका पकाइन्छन् । चट्टसँगले उम्लिराखेको खाने तेलमा हालेर तारेको पकौडा कुरुम-कुरुप खानुको मजा नै बेग्लै । सबै उमेर समूहका लागि मिठो परिकार पकौडा खासगरी भारत र पाकिस्तानमा धेरै नै खाइन्छन् । नेपालमा पनि उस्तै मिठो गरी पकौडा खाइन्छन् ।

भारत र पाकिस्तानमा मुस्लिम परिवार जसले इफ्तार टेबलमा पकौडा पस्केकै हुन्छन् । इफ्तारको समय र साँझको चियाको समय एउटै हुन्छ । चियाको साथसाथै हरेक घरमा पकौडा बनाइन्छ । मुस्लिम परिवारले मात्र होइन हिन्दू, बौद्ध, जैन आदि समुदायका सबैले पकौडा बडो प्यार र स्वादले खाँदै आएका पाइन्छन् ।

अब लागौँ यसको इतिहासतिर । पकौडाको इतिहास कति पुरानो छ भन्ने बारेमा विभिन्न दाबीहरू छन् । सार्वजनिक डोमेनमा उपलब्ध जानकारी अनुसार सन् १०२५ देखि कुनै न कुनै रूपमा पकौडा बनाइदै आएको पाइन्छ । सर्वप्रथम, पकौडाका प्रसंग संस्कृत र तमिल संगम साहित्यमा पाइन्छन् । तर, धेरै विस्तारमा व्याख्या गरिएको भने पाइँदैन, सिवाय यो केकको आकारको एक खाद्यवस्तु थियो ।

**यसरी शुरु भएको हुन सक्छ पकौडा पकाउने चलन :**

दाललाई पिसेर तरकारीसँग मिसाएर केक जस्तो वस्तु बनाइयो, जुन भुटेर खाइन्थ्यो । मानिसहरूले यसलाई पक्वावाटा अर्थात् पकवाटा वा गाँठो पाकेको भन्दथे । यसलाई धेरै ठाउँमा भजिया पनि भनिन्छ । सन् ११३० मा प्रकाशित मनसोल्ला र सन् १०२५ मा प्रकाशित लोकपाकरा जस्ता ऐतिहासिक खाद्य पुस्तकहरूमा भजिया वा पकौडा बनाउनका लागि बेसनमा तरकारी भुटेर माछाको आकारको ढुसीमा भुट्ने गरेको उल्लेख पाइन्छ । आलु, पालक, प्याज, हरियो खुर्सानीमा बेसन मिसाएर र सुख्खा मसला मिसाएर पकौडा बनाइन्थ्यो, तर यसको घोलमा सुजी, चामलको पिठो पनि प्रयोग गरिन्थ्यो । पकौडा वा भजियाले यस क्षेत्रसँगै आफ्नो भेष परिवर्तन गर्ने कुरा पनि धेरै ठाउँमा उल्लेख गरिएको छ ।

कुनै-कुनै ठाउँमा यो पनि उल्लेख गरिएको छ कि १६ औँ शताब्दीमा पोर्चुगिजहरू जहाजमा यात्रा गरेर भारतीय तटमा आउँथे । उनीहरूले, पानी जहाजमा लामो समयसम्मका यात्राका लागि लामो समयसम्म खराब नहुने खानाहरू खोज्दथे । पुर्तगालीहरूले सामान्यतया: यात्राको समयमा भारतीय कुकहरूलाई आफ्नो साथमा राख्थे, जसले उनीहरूलाई आलु, प्याज, बैगन, हरियो खुर्सानी, बेसन र मसलाको साथ फ्राई गरिएको पालक जस्ता तरकारीहरू खुवाउँथे । फ्राईपछि तिनीहरूको नमी हटाइँदा तिनीहरू लामो समयसम्म बिग्रँदैन थिए । पोर्चुगिजहरूको कारण, पकौडाहरु जापान पुगे । जब जापानमा चना उब्जनी भएन, त्यहाँका मानिसहरूले तरकारी, सुख्खा मसलासहितको बेसनको सट्टा मैदा प्रयोग गर्न थाले । यसरी नै जापानी टेम्पुराको जन्म भएको थियो ।

आज पनि भारत र पाकिस्तानमा यो चलन छ कि यात्रा बस वा रेलबाट होस्, मानिसहरू निश्चितरूपमा चटनीसँग पकौडा, भजिया वा बोन्डा राख्छन् । हिन्दुस्तानी-पाकिस्तानी पकौडा, जापानी र अंग्रेजका भाँडाकुँडा र भूमध्य सागरीय देशहरूका फलाफेलहरू सबै चचेरा भाइहरू जस्तो देखिन्छन् । पकौडा खासमा पिठो बेसनबाट बनाइन्छ, पिठोको घोल फ्रिटरका लागि प्रयोग गरिन्छ भने पिठोलाई फलाफलका लागि उसिनेको चना पिसेर तयार गरिन्छ ।

खानामा धेरै अनुसन्धान अध्ययन गरेका पुष्पेश पन्त पकौडाको इतिहासबारे बताउँछन्, पकौडाको इतिहास खानाको इतिहासमा होइन, तर परिकारको इतिहासमा अर्थात् भुटेको खानाको इतिहासमा पाइन्छ । रमजानको महिनामा यसको प्रयोग गर्नुको एउटा प्रमुख कारण यो पनि हुन सक्छ कि यो भुटेको कारण चाडै बिग्रँदैन, यो बेसनबाट बनेको हुनाले पनि पौष्टिक हुन्छ र यसलाई आफ्नो मनपर्ने तरकारी र चटनीसँग खाएर आनन्द लिन सकिन्छ ।

पकौडा एउटा यस्तो परिकार हो जुन गरीब हुन् या धनीका लागि सहजै उपलब्ध हुन्छ । अनि फेरि गरीबका लागि बेग्लै किसिमको र धनीका लागि बेग्लै किसिमको पकौडा हुँदैनन् । सबैका लागि उस्तै पकौडा बनाइन्छन् । अनि भएन त सजिलो र लोकप्रिय । पकौडा बनाउन महँगो पनि पर्दैन । यसको तयारीका लागि आवश्यकपर्ने सबै सामग्री भान्सामा नै सजिलै पाइन्छ । भारत र पाकिस्तानमा पकौडा निकै लोकप्रिय हुनुको एउटा कारण यो हो कि यी दुबै देशको मौसमका लागि उपयुक्त छन् । समयक्रमसँगै पकौडा बनाउने तरिकामा विविधता पनि पाइन्छन् । आफ्नै तरिकाले या नयाँ किसिमले पनि पकौडा बनाएका पाइन्छन् । त्यसैले पनि पकौडा लोकप्रिय खानेकुरामा दरिएको हो ।

आलु, प्याज मात्र होइन काँक्रा, बैगन, अन्य सब्जी, पनिर र मासु र माछालाई पनि बेसनमा बेरेर पकौडा बनाइन्छ । अनुसन्धाता पन्त भन्छन्, मुसलमानहरूले मासु मात्र खान्छन् भन्ने मान्यता छ । तर, उनीहरूको इफ्तार टेबलले यो गलत साबित गर्छ । किनभने रमजानमा तपाईले आफ्नो टेबलमा आलुको चाट पनि पाउनुहुन्छ । अनि आलु-प्याजको पकौडा पनि उपलब्ध हुन्छन् । यसले एकातर्फ मसालेदार स्वाद दिन्छ । साथै व्रतालुको शरीरमा सोडियम र प्रोटिनको मात्रा पनि बराबर उपलब्ध हुन्छ ।

मुख्यतया: प्याज र आलुको पकौडा धेरै बनाइएको पाइन्छ । प्याजमा प्रोटिनको गुणस्तर उच्च हुन्छ, बोसो हुँदैन र सोडियमको मात्रा कम हुन्छ । यो फाइबर, भिटामिन सी, क्याल्सियम र आइरनको राम्रो स्रोत पनि हो । आलु पोटासियम र भिटामिन सीको एक प्रमुख स्रोत हो । तिनीहरू कोलेस्ट्रोल मुक्त छन् र बोसो र सोडियममुक्त छन् । कार्बोहाइड्रेट समृद्ध छन् र भिटामिन सी को एक उत्कृष्ट स्रोत पनि हो ।

कतिपय पश्चिमा देशहरुमा पनि प्याजको बाजी र समोसासँगै पकौडा पनि सबैभन्दा प्रसिद्ध स्न्याक्स हुन् । यस्तो कसरी हुन गयो त भन्दा, ती देशहरुमा विशेष गरी भारतीयहरुले यी परिकारहरु फैलाएका छन् । भारतीयहरु आफ्ना भान्छा या खानेकुरामा पकौडा समावेश गरि नै हाल्छन् र विदेशका बासिन्दाहरुले पनि कस्तो हुँदोरहेछ त ? भनेर चाख्दा चाख्दै आफ्ना खाजामा पकौडा समावेश गर्न थाले । दक्षिण एसियाका मुस्लिम समुदायका मानिसहरुले पनि पश्चिमा देशहरुमा पकौडा प्रिय खानेकुराका रुपमा फैलाएका छन् । यसरी पकौडा संसारभरी फैलन र स्वादिष्ट खानेकुरा बन्न गएको पाइन्छ ।

निबन्ध

# भोकै मर्ने दिन आउँदैछ

**रमेशचन्द्र पुरी**

तपाईलाई कसैले गधा भनिदियो भने के गर्नुहुन्छ ? कुकुर भनिदिएमा जाइलाग्नु हुन्छ कि ? खाना खाइरहेको बेला अगाडि आएर दिसा-पिसाब गरिदियो भने तपाई कसो गर्नुहुन्छ ? गहिरो निद्राबाट बिउझिनुपर्‍यो भने कति रिस उठ्छ ? भोक लागेको बेला एकछिनमा खाना खानु भनेमा, तिर्खाले घाँटी सुकेका बेला पानी पिउन नपाएमा अनि थाकेको बेला आराम गर्न नपाउँदा तपाईलाई कति रिस उठ्छ ? कति दिमाग तात्छ ? मारी दिउँ जस्तो लाग्छ वा रिसले टेबुलवा भित्तामा मजाले हान्नुहुन्छ ? कि कसो गर्नुहुन्छ ?

तपाईको आफ्ना बालबच्चा, छोराछोरी वा नानीबाबुले यस्ता कुरा गरेको भए तपाइँ हाँसेर, खुशी भएर मान्नुहुन्छ । उनीहरूसँग रहँदा संसारका दुःख दर्दलाई भुल्नु हुन्छ । थकानलाई, भोकप्यासलाई बिर्सनुहुन्छ । गधा, कुकुर वा अन्य कुनै जनावरसँग



तुलना गरे पनि उनीहरूले चरित्र अभिनय गर्नु भने पनि तपाई तयार हुनुहुन्छ, हाँस्नुहुन्छ, खुशी हुनुहुन्छ । आखिरीमा सन्तानको माया औँधी गर्नुहुन्छ ।

प्राणी जगतको अस्तित्व डर सन्तानको माया, स्नेहले अडेको देखिन्छ । आफ्ना डर सन्तानको रक्षा, सुरक्षा, ममताले प्राणी लोप हुनबाट जोगिएको देखिन्छ । महाभारतमा सन्तानको मृत्यु पीडाले अर्जुनले युद्ध जितेको उदाहरण रहेको छ । आफ्ना डर सन्तानप्रति प्राणीको माया स्नेह अनुभूत रहेको श्रीकृष्णले महाभारतमा बताएका थिए ।

तेस्रो विश्वका हामी नेपाली मानव संशाधन उत्पादन गर्ने फ्याक्ट्री भएका छौं । दुःख कष्ट गरी मेलापात गरी खाइनखाइ हुर्काएका आफ्ना नानीबाबुलाई हामी औँधी माया गर्छौं । उनीहरूको खुशीका लागि हामी हरपल, हर अवस्था तयार रहन्छौं । कसैले गालीगलोज गरेमा उनीहरू माथि खनिन्छौं । संसारको सबै माया उनीहरूलाई दिन्छौं । दुखाइपिराइमा ख्याल राख्छौं । एउटा सिन्को दुई वटा पार्न लगाउँदैनौं । घरभित्र वा बाहिरका काम गर्न दिदैनौं । आफूलाई संसारको सबै दुःख-पीडाहरूले गाजे पनि हामी हाम्रा बालबच्चालाई खुशी र सुख दिन प्रयत्न गर्दछौं । हाम्रा नानीबाबुको इच्छा, चाहना पूरा गर्ने हरसम्भव प्रयासमा रहन्छौं । यसलाई मानवीय स्वभाव वा प्रवृत्ति मान्दछौं ।

बच्चा जन्मेको दिन हाम्रो खुशीको सीमा नै हुन्न । न्वारनमा सुन्दर, पराक्रमी, राम्रो असल सतगुण, पुरूषार्थी, उत्कृष्ट, नैतिकवान सतचरित्रले भरिएको नाम जुराउँछौं । पढाइ, लेखाइकला, सीप, क्षमता, विकासमा अब्बल बनाउँदछौं । प्रतिस्पर्धामा उत्कृष्ट, सबल, सक्षम, योग्य पार्दछौं । हामी हरेक क्षेत्रमा हाम्रा नानीबाबुहरू अगाडि बढुन्, सफल बनुन भनी चिन्तनमनन गरिरहेका हुन्छौं । उनीहरूको समृद्धिको कामनामा हाम्रो जीवन व्यतित गर्दछौं । ईश्वरलाई प्रार्थना गर्दछौं ।

नानीबाबुहरूको विदेश जान आवश्यक पर्ने सरसामग्रीको जोहो गर्दैछौं । रोजगारी होस् या अध्ययनका लागि गन्तव्यतिर पठाउँदछौं । उनीहरूको खुशीको लागि भविष्यको लागि हाम्रो खुशी, माया र स्नेहलाई बलि दिन्छौं । धनसम्पत्ति दाउमा राख्छौं । विछोडको पिरमर्का लुकाउँछौं । हाम्रो भाग्य नियतिमा पश्चाताप गर्दछौं । नानीबाबुहरु नेपालको भूमि छोड्न दिन खुशी हुन्छन् । हामी बाध्यतावस मनलाई कडा बनाउछौं, आँशु सुकाउँछौं र विदाका हातहरू हल्लाउछौं । रातदिन, साझबिहान नभनी दुःख-कष्ट-पिर -मर्का नभनी हामीले जन्माएको, हुर्काएको सन्तानको सुख-समृद्धिको कल्पनामा डुब्छौं । कष्ट-पीडा सुनाउँदा अत्तालिन्छौं । विछोडको वेदना सुनाउँदा भक्कानिन्छौं । आफ्नो भविष्यप्रति दुःखी बन्दछौं, जीवनमा एक्लो र निराश बन्दछौं, भाग्यलाई दोष दिन्छौं । नेपालमा जन्मदाको आफ्नो कथा, व्यथा सुनाउँछौं, जन्म र कर्मप्रति घृणा गर्दछौं, फेरि हामी वास्तविकतामा फर्कन्छौं ।

के हामी नेपालीको कर्म विदेशका कामदार वा श्रमिक बन्नका लागि हुँदैछ ? के भूमिमा रगत पसिना, बल बैंश खर्चन मात्र भएको हो ? के हाम्रो देशमा हामी केही गर्न सक्दैनौं ? यहाँ केही गर्ने, जीवन बनाउने, लक्ष्य निर्धारण गर्ने, पेसा व्यापार, व्यवसाय गर्ने जीविकोपार्जन गर्ने, गुणस्तरीय जीवनयापन गर्ने वातावरण नै छैन ? के हामी यहाँ केही गर्न सक्दैनौं ? कुनै कार्य गर्ने प्रयत्न पनि गर्दैनौं ? यस्ता प्रश्नले हाम्रो मनोभावना उत्सुकता जगाउँदछ, सिर्जनशील बनाउँछ, कर्मशील बनाउँछ । तर, यथार्थता, वास्तविकता अर्कै छ ।

विदेश पलायनले हाम्रो अस्तित्व, धर्म संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज चालचलन, अभ्यास मौलिकता, भाषा, लिपि, पहिरन मूल्य-मान्यता लोप हुँदै गएको देखिन्छ । हामीले हाम्रो पहिचान खोज्नुपर्ने समय आउँदैछ । सिपयुक्त मानव संशाधन, शिक्षित व्यक्ति, युवा शक्ति, जनशक्ति विदेश पलायन हुनेक्रम बढेसँगै भविष्यमा आउनसक्ने विकराल अवस्था तथा समस्यामा हामी सचेत रहन जरूरी भइसकेको छ ।

घर रित्तिदैछ, परिवार विछोडमा छट्पटिँदैछ, समाजमा विचलन आउँदैछ, हाम्रो मूल्य-मान्यता नासिँदै छ, अस्तित्व संकटमा पर्दैछ । एक गाँस भात दिने, एक घुट्की पानी दिने, औषधि-उपचार गर्ने, दुःख वेदना साटासाट गर्ने, दोहोरो वार्तालाप गर्ने व्यक्तिको खोजीमा हाम्रो श्वास रोकिन सक्छ, आत्मा मर्न सक्छ, सृष्टि नासिन सक्छ , अस्तित्व मेटिन सक्छ । देश दुनियाँको नक्सामा मात्र सिमित रहन सक्छ । चेतना भया ।

कविता

# आमा



**बाणी सापकोटा**

आमा शब्द नै काफी छ,
ब्रम्हाण्डको निःस्वार्थ प्रेमलाई बयान गर्न ।
म रूँदा मेरा गाला सुम्सुम्याउँदै,
मलाई अङ्गालोमा लुकाउँछिन् आमा,
मलाई पीडा पर्दा आफै आँखा भिजाउँछिन् आमा ।
मिठो मुस्कान मुस्कुराउँदै उनी
परिवारमा खुशीको रागिनी छर्छिन,
आफ्ना चाहना लुकाउँदै उनी,
हाम्रा सपना मनभरि भर्छिन् ।
पाखापखेरामा अटल रहि उभिएको सगरमाथा जस्ती भनौ,
की निशाको तममा उज्यालो छर्ने चन्द्रमा जस्ती भनौ,
तिम्रो बयान गर्न म शब्द कसरी पुर्‍याउँ,
तिम्रो ऋण तिर्न सामर्थ्य कसरी जुटाउँ,
चिन्ता नगर आमा,
भुल्ने छैन तिम्रो यो प्यारो काखलाई,
तिमीले दिएका यी सुनौलो पलहरूलाई,
तिमी केवल मेरो हात समाई देऊ,
हारेको बेला मेरो कुम थपथपाई देऊ,
तिम्रो लठ्ठी बनेर दिनेछु सारा जगतको खुशी उपहार,
म छोरी नै छोरा भएर पार्नेछु तिम्रा सपना साकार ।

**इष्ट होराइजन अंग्रेजी माध्यमिक विद्यालय**
**मेचीनगर-१०, धुलाबारी, झापा**

तीन मुक्तक

**प्रतिक खनाल**

१

फुल्छ हरे उनको जीवन
जीवन पनि फुल्छ र
जरा होर जीवन फुल्नलाई
जीवन पनि फुल्छ र ?

२

घुम्न जाउँ भन्छे केटी कन्याममा
म भन्ने बित्तिकै जान्छु होला त !
बुझ्नु परेन को केटी हो, कहाँ कि हो !
त्यतिकै जान्छु होला त ?

३

आफ्नो अध्ययन लेखन राम्ररी लेख्न पाए हुन्थ्यो ।
कला देखाउँदै समाजमा जान पाए हुन्थ्यो ।
परिवारले र समाजले तैले के गर्छस् बन्छन् होला ।
म त सोसीयल वर्करको विद्यार्थी र मुक्तक लेख्ने हुँ भन्दे ।

***बिर्तामोड नगरपालिका-२, झापा***

लघु कथा

# जेठीमाया



हिजो चियाबारीमा ठीक समयमा नपुग्दा कामदारीले जेठीमायाको लोग्नेलाई सानो खाल बनायो । आज बिहानै ऊ छात्तीभरि उकुसमुकुस लिएर चाँडै कामतिर लागेको छ । लोग्नेलाई सम्झेर ल्याउँदा जेठीमायालाई चित्त दुखेर आउँछ ।

आज जेठीमायाको शरीर त्यति सञ्चो छैन र नै उसलाई आफ्नो तीन वर्ष मात्र पुगेकी छोरी अन्तरीलाई बोकेर काममा जाने आँट आउँदैन । उसले अन्तरीलाई घरमा नै थुनिराख्ने मन बनाउँछे । उसले एकपटक लामो सास लिइसकेपछि अन्तरीलाई काखमा राखेर स्तनपान गराउन थाल्छे ।

एकछिनपछि सुत्ने कोठाको भुइँभरि मुरी छरी अन्तरीलाई खेल्दै गर है नानी भनी राखेर बाहिर निस्कन्छे । ढुङ्गाभन्दा पनि कठोर मन बनाउँदै मूल ढोकामा चुकुल लगाइराखेर गाईको गोठभित्र पस्छे । त्यहाँ गम्बुट लगाई हातमा हँसिया लिएर कटुवाको धुँवा बुङबुङ उडाउँदै झाँसीकी रानी जस्तो भएर ऊ कसैका निम्ति युद्ध लड्न चियाबारीतिर लाग्छे ।

चियाबारीमा मेलो लाग्दा जेठीमायाको सहकर्मीले सोध्छे- 'आज नानीलाई लिएर आइनस् क्या हो ?' जेठीमायाले नसुनेको जस्तो गरेर काम शरू गर्छे । जेठीमायातिर फर्किएर सहकर्मीले भन्छे- 'ऐ जेठी तँलाई थाहा छ ! हिजो पल्लो गाउँमा जुनकिरी कान्छीको नानी घरबाटै चोरी भयो हरे ! आजकल मद्देशका नानीचोरहरु पहाड पसेका छन् हरे !' तर, जेठीमाया चियाको गाजमुनि असंवेदनशील मसिन जस्तै काम गरिरहन्छे ।

बेलुकी ऊ कतै नभुली सरासर घर आउँछे र ढोकाको ताला नखोली घरको भित्ताको प्वालबाट भित्र चियाउँछे- अन्तरी खाटमा निदाइरहेकी रहिछ । उसले ताला नखोली कटेरामा गएर अगेनामा आगो बाल्न थाल्छे । केही बेरपछि अन्तरी बिउँझन्छे र खाटबाट झरेर त्यही भित्ताको प्वालबाट बाहिर चियाउँछे- कटेराका झ्याल र ढोकाबाट धुँवा बाहिर निस्किरहेको रहेछ । उसले एकपटक जोडले 'आमा !' भनेर कराउँदा पनि कटेराबाट कुनै उत्तर नआएपछि ऊ फेरि खाटमा नै गएर पल्टिन्छे ।

# पञ्चायती सत्ता र त्यो बेलाको पत्रकारिता



**कृष्ण हुमागाँई**

जनताको सर्वसुलभ सञ्चारमाध्यम र हर समयको साथीको रुपमा सर्वत्र सरकारी सञ्चारमाध्यम रेडियो नेपालको बलियो पहुँच थियो पञ्चायती शासनकालमा। राजाको प्रमुख नायकत्वमा चलेको पञ्चायती व्यवस्थामा प्रेस स्वतन्त्रता नभएका कारण पत्रपत्रिकाको बलियो पहुँ दूर दराजका गाउँघरमा थिएन। नेपाल टेलिभिजन त २०४१ सालतिर स्थापना भएको हो। ४० को दशकमा पत्रकारिता शुरु गरेका हामी जस्ता युवाहरु त्यसबेला पञ्चायत भितर र पञ्चायत इतरका रुपमा क्रियाशिल थियौं।

देशमा निरंकुश पञ्चायती सत्ता रहेसम्म देश र जनताको मुक्ति हुँदैन, देशको समग्र बिकास पनि हुँदैन। त्यसैले यो पञ्चायती व्यवस्था फाल्न जनतामा चेतनाको दियो बाल्नु पर्दछ भन्ने मिसन प्रजातन्त्रवादी पत्रकारहरुमा थियो भने बामपन्थीहरु पनि २०३६ सालको जनमतसंग्रह पछि पञ्चायती व्यवस्थाको बिरुद्ध जनतालाई संगठित गरमउन लागेका थिए। जब नेपाली कांग्रेसको अगुवाइमा संयुक्त जनआन्दोलनका सर्वेच्च कमाण्डर गणेशमानसिंहको नेतृत्वमा बाममोर्च सम्मिलित भएर २०४६ सालमा आन्दोलन गर्ने निश्चय भयो तब प्रजातन्त्रवादी र बामपन्थी धारका पत्रकारहरु प्रजातन्त्रको पक्षमा र पञ्चायती सत्ताले पालेका सरकारी शाही पत्रकारहरु पञ्चायतको समर्थनमा प्रचारमा उत्रिए।

सरकारी सञ्चारमाध्यम र राज्यद्वारा पालित-पोषित पत्रकारहरु पञ्चायती सत्ताको रक्षामा तल्लिन थिए भने प्रजातन्त्र चाहने पत्रकारहरु जनताको पक्षमा अनेक दुःख-कष्ट सहेर लेखिरहेका थिए। २०४४-०४५ तिर पत्रकारितामा प्रवेश गरेको म जस्तो २०-२१ वर्षको युवकलाई अग्रजहरुले जनतालाई स्वतन्त्रताको अधिकारबाट गराउने पञ्चायतको बिरुद्ध लाग्नुपर्छ भनेर सिकाउनु भएको थियो। झापामा पञ्चायतकालमा प्रायः पत्र-पत्रिका पञ्चायत व्यवस्थाप्रति समर्पित भएर निस्कन्थे। तर, तारा बरालको सम्पादनमा २०४० सालदेखि चन्द्रगढीबाट प्रकाशित हुने साप्ताहिक विचार पत्रिका भने खुलेर बहुदलको पक्षमा लेख्दथ्यो।

हामी त्यही पत्रिकामा काम गर्दथ्यौं। म (कृष्ण हुमागाँई) बिष्णु निष्ठूरी, कृष्ण धारावासी, भरत भूर्तेल, गोबिन्दचन्द क्षेत्री, रामनाथ बाँस्कोटा, धर्म गौतम, बिमल बैद्य, लोकराज ढकाल, लेखनाथ परदेशी, ज्ञानमणि भूर्तेल, प्रकाश बुढाथोकी, गोपाल सापकोटा, एसएल शर्मा रश्मिशेखरजीहरु साप्ताहिक विचारमा आवद्ध थियौं। भरत भूर्तेलले पछि श्यामकृष्ण उपाध्यायको आलोक पत्रिका आफैं प्रकाशन गर्न थाल्नुभयो। बामपन्थी भए पनि माधव विद्रोही पनि साप्ताहिक विचारमा लेख्नुहुन्थ्यो। झापामा रहेर केन्द्र (राजधानी काठमाडौं)का पत्र-पत्रिकामा लेख्ने राष्ट्रपुकारमा सीके प्रसाई, केशव धिताल र डिकमान विरही, राजेश ढुङ्गाना, देशान्तरका केशव आचार्य, प्रकाशका चन्द्र भण्डारी, डा. ऋषिकेश उपाध्याय, विमर्शका कृष्ण दाहाल, भरत कोइराला, सन्तोष अग्रवाल, लक्ष्मण ढकाल, दृष्टिका माधव विद्रोही लगायतका त्यसबेलाका बहुदल पक्षधर लेखक, पत्रकारहरुले प्रजातन्त्रको पुनर्वहालीका लागि कलम चलाएको पाइन्छ। द्रोणचार्य क्षेत्री, भवानी घिमिरे, चुडामणि रेग्मी, हिरा आकाश, सूय नेपाल, मिश्र बैजयन्ती लगायतका कवि लेखक साहित्यकारले समेत बहुदलीय व्यवस्थाको पक्षमा जनतामा चेतना भर्ने कार्य गर्नुभएको पाइन्छ ।

पञ्चायतको पक्षमा लागेर प्रजातन्त्रको विरोध गर्दै दलमाथिको प्रतिबन्ध हटाइनु हुँदैन भनेर लेख्ने पञ्चायती व्यवस्था समर्थक पत्रिकाको दबदबा त्यस समयमा पञ्चायत समर्थक पत्रिकामा काम गरेता पनि गञ्जबहादुर दाहाल, गोपाल गिरी, राजबाबु शंकरले भने प्रजातन्त्रको विपक्षमा आफूलाई प्रस्तुत गर्नु भएन भन एकमात्र सरकारी टेलिभिजन नेपाल टिभीका सम्वाददाता लक्ष्मी लुइँटेल पनि बहुदल कै पक्षमा हुनुहुन्थ्यो। सरकारी अन्य पञ्चायत समर्थक र वीपी कोइरालालाई फाँसी दिनुपर्छ भन्नेहरुको चर्चा गर्नु यहाँ सान्दर्भिक नहुने ठानेर चर्चा गरिएन। बहुदलको पक्षमा कलम चलाउनेभन्दा ठूलो संख्या पञ्चायत समर्थक पत्रकारहरुको थियो त्यसताका झापामा। पञ्चायत समर्थक पत्र पत्रिकाले सरकारी विज्ञापन सुविधा सजिलै रुपमा पाउने, लोक कल्याणकारी सुविधा सहजै पाउने, पत्रिका पनि सेन्सर नहुने। तर, प्रजातन्त्रवादीहरुले सञ्चालन गरेका पत्र पत्रिकाले पञ्चायती सत्ताबाट सेन्सर गराइरहनुपर्ने, सरकारी विज्ञापन र सुविधा नपाउने, पत्रिका बेला-बेलामा प्रतिबन्धित हुने अनि अदालतबाट प्रतिबन्ध फुकुवाको आदेश पाएपछि पुनः सञ्चालन हुने अवस्था थियो।



**२०४६ अघि कस्तो थियो प्रविधि ?**

२०४६ सालको जन आन्दोलन सफल भएर प्रजातन्त्रको पुनर्वहाली भएपश्चात २०४७ सालमा नेपाली कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा वापन्थीहरु समेत सम्मिलत भएर अन्तरिम सरकार बन्यो। त्यो सरकारले संविधान निर्माण गर्‍यो र २०४८ सालमा आम चुनाव भएपछि नेपाली कांग्रेसमा महामन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकारले पत्र पत्रिकालाई प्रतिबन्ध लगाउन नपाइने गरी छापाखाना तथा पत्र पत्रिका सम्बन्धी ऐन जारी गर्‍यो। यो ऐन जारी भएसँगै नेपालमा सञ्चारले उद्योगको रुप लियो र सञ्चारका नयाँ प्रविधिका मेसिन र उपकरणहरु भित्रिए।

नत्र पञ्चायतकालमा टेलिफोन पनि नगन्य स्थानमा मात्र थियो। भद्रपुर र दमकमा केही लाइन टेलिफोन बाहेक समग्र झापा सञ्चार सम्पर्कविहीन थियो। पत्रिका छाप्ने मेसिन पनि टेलर मेसिन भन्थ्यो, बिजुली जाँदा हातैले ठेलेर छाप्नु पर्दथ्यो। हातले समाचार लेखेर हुलाकबाट पठाउने वा नजिकै भए साइकल कुदाएर पत्रिकाको कार्यालयमा पुर्‍याउनु पर्दथ्यो। टाढालाई हुलाकबाट खामबन्दी गरेर पठाइन्थ्यो। छापाखाना पनि लेटर प्रेस हुन्थ्यो। सीसाका अक्षरहरु फलामको गेलीमा चाबीवाला स्टीक र सीसा अनि प्लाइकाठको लिडमा कम्पोज गरेर लिथोबाट प्रिन्ट निकालेर प्रुफ हेरिन्थ्यो। क्यामेरा पत्रकारहरुसँग बिरलै हुन्थ्यो। कसैको वा कार्यक्रमको फोटो छाप्नु पर्‍यो भने भारतको कलकत्ता वा पटना र काठमाडौं जिन्क ब्लक बनाउन पठाउनुपर्थ्यो। पछि भारतको सिलगढीमा फोटोको ब्लक बन्न थालेपछि भने आजको कार्यक्रमको ब्लक पर्सीको पत्रिकामा छाप्न सकिने भयो।

सरकारी कार्यक्रमको र मन्त्रीहरुका फोटोको ब्लक भने सूचना बिभागले सबै पत्रपत्रिकालाई हुलाक मार्फत उपलब्ध गराउदथ्यो। सिसाको अक्षर केही वर्षमा पुरानो भएर लतूपत हुन्थ्यो, प्रष्ट बुझिँदैनथ्यो। त्यसपछि त्यो सिसालाई भारतको पटना वा कलकत्ता पुर्‍याएर नयाँ बिभिन्न डिजाइन र साइजका अक्षरहरु रिकाष्टिङ्ग गरेर ल्याइन्थ्यो। टेवलमा अक्षर राख्ने काठको कोठै कोठा भएको केशमा राखेर एक-एक अक्षर छानेर कम्पोज गरिन्थ्यो। ठूला पोष्टर पम्पप्लेट छाप्नु परेमा काठका ७२ र १०० पोइन्टका अक्षर जोडेर सीसाका क्यारेट, कोटेशन ब्लकमा अड्याएर चाबीले फ्रेममा कसेर मेशिनमा राखेर छापिन्थ्यो। त्यो बेला पत्रिकामा पूर्णकालिनरुपमा काम गर्नेहरुले कम्पोज पनि गर्न आवश्यक थियो र म पनि आफैं कम्पोज समेत गर्दथें। अहिलेको जस्तो कम्प्युटरको किबेर्डमा कुन अक्षर कहाँ छ भनेर टाइप गरेजस्तो सजिलो थिएन। केशको प्वालमा कुन अक्षर कहाँ छ त्यो सम्झेर एक-एक अक्षरहरु टिपेर स्टिकमा मिलाउनु पर्दथ्यो।

प्रजातन्त्रको पुनर्वहालीमा नेपाली प्रेसले अतुलनीय सहयोग गरेको भन्दै २०४७ सालमै कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले पत्रपत्रिका छाप्ने कागजमा सहुलियत प्रदान गर्‍यो, नेशनल ट्रेडिङ्ग कर्पोरेशनबाट पत्रपत्रिकाले सहुलियतमा कागज किन्न पाए। नत्र पञ्चायतकालमा पञ्चायत समर्थकलाई पत्रिकालाई कागज खरिदमा सहुलियत माथि सुविधा थपिइरहँदा प्रजातन्त्र पक्षधर पत्रिकाहरुले कागजका लागि भारतीय बजारमा निर्भर हुनुपर्दथ्यो। सानो बजार, सदरमुकाम भद्रपुर-चन्द्रगढी, दमक र धुलाबारी मात्र बजार थियो। बिर्तामोड यति ठूलो थिएन। २०४६ साल अघि बिर्तामोडमा एक लाइन टेलिफोन पनि थिएन। २०४६ पछि वाणिज्य संघले एउटा भिएचएफ टेलिफोन सेटबाट पिसिओ सञ्चालनमा ल्यायो। त्यसबेला काठमाडौं फोन गरेको १५ रुपैयाँ मिनेट र इलामको सात रुपैयाँ तिर्नु पर्दथ्यो। अमेरिका गरेको तीन सय प्रति मिनेटले लिन्थ्यो। आज नेटबाट घटौं निःशुल्क कुरा गर्न सकिन्छ। आजको पुस्तालाई यो कुरा कथा जस्तो लाग्नसक्छ, तर यो यर्थाथ हो।

**आजको प्रविधि र पत्रकारिता**

मुलतः २०४६ सालको परिवर्तनपछि नेपाली पत्रकारिताले व्यवसायिक रुप धारण गरेको हो। २०४८ को छापाखाना तथा पत्रपत्रिका सम्बन्धी ऐनले पत्रपत्रिका प्रतिबन्ध नलगाउने प्रत्याभूति गरेपछि कान्तिपुर लगायतका निजी क्षेत्रमा सञ्चारमाध्यमहरु, निजी टेलिभिजन र रेडियो स्टेशनहरु स्थापना भए। अहिले त डिजिटल मिडिया आएको छ। फ्याक्स, टेलिफोन, मोबाइल, कम्प्युटर, ल्यापटप, फोटोकपी, अफसेट प्रेस, डिजिटल कलर प्रेस, हाइ रोजुलेसन डिजिटल क्यामेरा, इमेल, इन्टरनेट, आदिको सुविधाका कारण आज डिजिटल मिडिया सबको हात-हातमा पत्र-पत्रिका, रेडियो र टिभी एकैसाथ छ। आज प्रविधिले पत्रकारलाई सजिलो जति बनाएको छ, त्यति नै अल्छि पनि बनाउँदै लगेको छ।

छापा माध्यमलाई प्रकाशन प्रविधि र बितरणको केही झण्झटिलो प्रक्रिया पार गर्नु पर्दछ भने रेडियो, टेलिभिजन र अनलाइन पोर्टलहरुलाई छापाको तुलनामा धेरै सजिलो भएको छ, निमेशभरमा संसारभर आफनो उत्पादनलाई पठाउन र पढाउन सजिलो भएको छ। पर्याप्त सवारीसाधनको सुविधा नहुँदा पनि हिजाका दिनमो धेरै पत्रकारहरु फिल्डमा खटिन्थे, तर आज एउटाले दुःख गरेर संकलन गरेको सामग्री फुटेज, फोटो वा टेक्स नै कपी गरेर, केही मोडिफाई गरेर अर्कोले पस्किरहेको पाउँछौं। यसले फिल्डमा खटने पत्रकारको संख्या घटाएको छ। प्रविधिको प्रयोग गरेर घर तथा अफिसमै बसेर पनि समाचार संकलन र सम्प्रेषण गर्न सकिने अवस्थाले जति सजिलो बनाएको छ, त्यति नै जनसम्पर्क र धरातलीय यर्थाथलाई बुझ्न झन् कठिन हुँदै गएको छ। आफू फिल्डमा नगएपछि अरुले संकलन गरेको सामग्री कति सही या गलत भन्ने कुरा फिल्डमा नजाने पत्रकारले छुट्याउन, खुट्याउन सक्ने कुरै भएन।

आज व्यवसायिक पत्रकारिताका नाममा कर्पोरेट हाउसको स्वार्थमा सञ्चारमाध्यम परिचालित र प्रयोग भएको अवस्था छ। हिजोका दिनमा मिसन प्रजातन्त्र, मानव अधिकार, न्याय, समानता र स्वतन्त्रता थियो। आज मिसन पैसा कमाउ, व्यवसायिक पत्रकारिता भनेको व्यापार गरेर पैसा कमाऊ भने जस्तै हो भन्ने भाष्य निर्माण गर्न खोजिँदैछ। विभिन्न स्वार्थ समूहले विभिन्न उद्योग खोल्ने, त्यही समूहले बैंक, लघुवित्त, इन्स्युरेन्स कम्पनी र मिडिया हाउस सञ्चालन गर्ने अनि मिडियाको आडमा ठेक्कापट्टा, बन्द व्यापार, उद्योग कलकारखानमा गरे भएका गडबडीलाई ढाकछोप गर्ने। मिडियाको बलमा राजनीतिलाई मलजल गर्ने, स्वार्थ समूहले जाताले गाँस काटेर जोगाएर राखेको बचत रकम अनाधिकृत रुपमा पैसा अपचलन गरेर मिडियाका नाममा जनताको पैसामा दाइँ गरेको तथ्यहरु एकपछि अर्को गर्दै पटाक्षेप हुँदै गरेको अवस्था छ अहिले।

पत्रकारितमाा पैसावाला र पहुँचवालाको मात्र बोलवाला हुँदै गएको छ। धनीले सानो कुरा गरे पनि समाचार बन्ने तर गरीबले ठूलै काम गरे पनि, आत्मनिर्भर हुँदै स्वरोजगारी भएर गरीबीबाट मुक्ति पाए पनि त्यो कमै मात्र समाचार बन्ने गलत परिपाटीको विकास गर्न खोजिँदैछ। गरीबले भोग्नु परेका जीवनयापनका समस्यामा कलम चल्न कम भएको छ। गरीबीले देश बिकासमा पारेको बाधा र गरिबी निवारणका उपायहरुका विषयमा कसैले आफ्नो वा परिवारका सदस्यको जन्मदिनमा प्रचारका लागि कुनै संस्थालाई प्रदान गरेको पाँच-दश हजार रकमको समाचारले प्राथमिकता पाएरहेको देखिरहेका छौं हामी वर्तमानमा।

धनीमानीले आफ्ना, बाउ-बाजेका तिथि सरादमा पशुपंक्षीलाई सडेगलेका खानेकुरा वितरण गरेका र केही छिमेकीलाई बाँडेको प्रसादी र केही सामान्य दान दातब्यको समाचार बन्ने तर गरीबले गरेको श्रमदान अनि गरीबको घरको चुल्हो नबलेर तिनका छोरा-छोरी भोकै सुत्न परेको पीडाको कथाले स्थान नपाउने, गरीबको झुपडीमा बर्खामा पानी चुहिएर अनिदै रात गुजारेको पीडालाई वास्ता नगर्ने, मिटर ब्याजी साहु र बैंकरको ठगीमा परेर उठिबास लागेका मानिसहरुको वेदनाले स्थान नपाउने हामी कस्तो पत्रकारिताको अभ्यास गरिरहेका छौं ? हुनेखानेले गरेका पत्रकार सममेलनमा बाडिने खामको पछि दोडिएको हाम्रो पत्रकारिता कहाँ पुगेर रोकिने हो ? पैसा नहुनेका कार्यक्रममा पत्रकार आउँदै आउदैनन्। यो संसार धनी पुँजीपति वर्ग र तस्कर माफियाकै भयो। यो लोकतन्त्रमा गरीबको झन् हुर्मत भयो भन्ने जनगुनासो चुलिएको तर्फ अब पत्रकारका आँखा र कान खुल्नुपर्छ।

पत्रकारिता एउटा सामान्य पेशा व्यवसाय मात्र होइन। यो पेशा देश, समाज र जनताको हितकाप्रति संवेदनशील भएर गरिने निष्ठापूर्ण विवेकशील कार्य पनि हो, यसले न्याय, समानता, स्वतन्त्रता र जनहितको पक्षमा आफूलाई उभ्याउनै पर्दछ। अरु पेशामा बुद्धि लगाउँदा हुन्छ, तर पत्रकारितामा विवेक भन्ने कुराले ठूलो महत्व राख्दछ। अरुमा नाफा, फाइदा मात्र हेरिन्छ। तर, पत्रकारितामा मैले गरेको पत्रकारिताले यो देश, समाज र जनताको उन्नति प्रगतिमा के योगदान दियो भन्ने कुरालाई ख्याल गर्नु आजको पत्रकारिताको परम कर्तव्य र दायित्व पनि हो। यस कुरालाई आजको दक्ष, प्रशिक्षित र प्रविधिमा निपुण पत्रकार साथीहरुले गम्भिरतापूर्वक ध्यान दिइदिए हुन्थ्यो जस्तो लाग्दछ।

*(हुमागाँई नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्व सभापति हुन्।)*

## हत्यामा संलग्न पक्राउ

**झापा, बैशाख २१।** उदयपुरको कटारी नगरपालिका-६ धप्पर बस्ने सिन्धुली दुधौली नगरपालिका-७ कटहरे घर भएका ६५ वर्षीय बलबहादुर परियारको कुटपिट गरी हत्या गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन्।

पक्राउपर्नेमा कटारी नगरपालिका-६ धप्पर बस्ने ३५ वर्षीय केसर बहादुर परियार रहेको प्रहरीले जनाएको छ। केसर बहादुरले दाउराले हान्दा गम्भीर घाइते भएका बलबहादुरको कटारी अस्पताल हुँदै ब्लु क्रस अस्पताल त्रिपुरेश्वर काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको थियो। घटना सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |


**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६।०१।२७ मा दर्ता भएको प्रा.लि.नं. २१४८५५ को रतन मिनि मार्केट प्रा.लि.नामक कम्पनी यस कार्यालयको मिति २०८१।०१।२० को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३२ को उपदफा (२) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**भूमिसुधार कार्यालय भद्रपुर, झापाको**

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/ बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| दिल बहादुर कार्की | बनियानी-४ | २०२ | ११८.०० | गोदा राजवंशी/विशेश्वर नुनिया |
| सुनिता राजवंशी | बनियानी-८ | ९२१ | ३३८६.३० | झरु राजवंशी |
| दिलबहादुर कार्की | बनियानी-४ | २०३ | २२७.०० | विशेश्वर नुनिया |
| गहुँ हास्दा | राजगढ-३ | ३२६६ | २३६५.४२ | गहत टुडुसतार/जन टुडु सतार |
| टंकप्रसाद रिमाल | पाठामारी-६ | ६९४ | ६४३४.०० | भंगलु गणेश |
| रामवति राजवंशी | बालुबाडी-२ | ३०१ | ६७७.२६ | कालो नकार राजवंशी |

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*दोस्रो पटक प्रकाशित मितिः २०८०/०१/२२*

यस कम्पनीको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/१२/३० मा स्वीकृती प्राप्त भई साविक कम्पनी कष्णसागर विद्यापिठ झापा प्रा.लि. (प्रा.लि. नं. ११८९८४)को नाम रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण, धनी, कर, दायित्व आदि परिवर्तित नामको कृष्णसागर इङ्गलिश स्कूल (प्रा.(लि) अंगेजीमा Krishnasagar English School (Pvt. Ldt)ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**


| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन फलदायी रहेको छ, चिट्ठा, उपहार प्राप्तिको योग रहेको छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला। मध्यान्हपछि दिन राम्रो हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धी रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन पनि सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
आज तपाईको पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ द।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनले मन प्रफुल्ल रहला।